गुम्वा विद्यालयहरुको शैक्षिक स्तर तथा व्यवस्थापकीय पक्षको अध्ययन

महाकरुणा शाक्यपा लोमन्थाङ

पाल एवं नम्ग्याल छोन्हुप

लोगर्फु मञ्जुश्री छोसेर

लो निफुग नाम्डोल नोर्बुलिङ्ग छासेर

चराङ छ्योदे शेडुव धार्केलिङ

चराङ लेक्स्ये छ्योलिङ चुम्हे लोप्टा

नेपालको पुरानो छेतेन घमी

नालान्दा बुद्धिष्ट स्कूल टुकुचे

शिक्षा विभाग

जिल्ला शिक्षा कार्यालय

मुस्ताङ

२०७२

भनाइ

प्रस्तावना लेखन देखि अध्ययन प्रतिवेदन तयारीसम्म सहयोग, सल्लाह, सुझाव एवम् कुशल मार्गनिर्देशन प्रदान गर्नुहुने गुम्वासँग सम्बन्धित सम्पूर्ण शिक्षकमित्रहरु, लामाहरु, प्रमूख तथा खेम्पोहरु लगायत सम्पूर्णलाई हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रतिवेदन तयारीको अनुसन्धान प्रस्तावलाई शिक्षा विभागीय स्वीकृति प्रदान गरी अध्ययनको मार्ग प्रशस्त गर्नेदेखि लिएर अनुसन्धान तयार गर्न आवश्यक वातावरण मिलाई महत्वपूर्ण सुझाव प्रदान गर्नु हुने आदरणीय व्यक्तित्वहरु तथा जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी यो अध्ययन प्रतिवेदन तयार गर्ने सन्दर्भमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग सुझाव तथा सहानुभूति दिलाउने क्षेत्रीय शिक्षा निर्देशनालय प्रति आभार व्यक्त गर्दछु । विद्यालय व्यवस्थापन एवं संचालक समितिका अध्यक्षहरु, विद्यालय निरिक्षक, शिक्षक अभिभावक संघका सदस्य र स्रोतव्यक्तिहरु धन्यवादका पात्र हुनुहुन्छ ।

प्रतिवेदन लेखनको क्रममा मलाई आवश्यक सहयोग गर्नु हुने विनि लक्ष्मण देवकोटा, विनि मतिलाल चपाई साथै भाषागत शुद्धतालाई सच्चाई अध्ययनका लागि मेहनतका साथ कम्प्यूटर सेटिङ्ग गरी सहयोग पुऱ्याउनु हुने विनि मतिलाल चापईलाई पनि धन्यवाद दिन चाहन्छु ।

केशरी रमण न्यौपाने

जिल्ला शिक्षा अधिकारी

विषयसूचि

भाग १ 5
परिचय 5
१.१ पृष्ठभूमि 5
२.२ अध्ययनको औचित्य 8
१.३. अध्ययनको उद्देश्य 9
भाग २ 10
अध्ययन विधि 10
२.१ अध्ययनको ढाँचा 10
२.२ जनसंख्या छनोट 10
२.३ अध्ययनको साधन 10
२.४ तथ्यांक संकलन विधि 10
भाग ३ 11
तथ्यांक विश्लेषण 11
तालिका नं १ 11
गुम्वा विद्यालय विवरण अध्ययन गरिएका गुम्वाहरु 11
तालिका नं २ 12
गुम्वा विद्यालयका व्यवस्थापकहरुको विवरण 12
तालिका नं ३ 13
गुम्वा विद्यालयमा अध्यापन गराएका विषयहरुको विवरण 13
तालिका नं ४ 14
गुम्वा विद्यालयहरुका सेवाक्षेत्र विवरण 14
तालिका नं ५ 15
गुम्वाहरुले जिशिकाका बुझाउनुपर्ने विवरण 15
तालिका नं ६ 15
विद्यार्थी विवरण 15
तालिका नं ७ 16
गुम्वा विद्यालय अध्यापन पश्चात लामाहरुको अध्ययन कुन ठाँउमा हुने विवरण 16
तालिका नं ८ 17
शिक्षा नियमावलीहरु अनुसार शिक्षक नियुक्तिको अवस्था 17
तालिका नं ९ गुम्वा विद्यालयहरुका प्रकारको अवस्था 18

तालिका नं १० 18
गुम्वा विद्यालयको लागि नीतिगत सुझावको अवस्था 18
तालिका नं ११ 19
आर्थिक श्रोत व्यवस्थापनको अवस्था 19
तालिका नं १२ 20
गुम्वा विद्यालयप्रति शिक्षकहरुको धारणको अवस्था 20
तालिका नं १३ 21
शिक्षकहरुको विचारमा गुम्वा विद्यालय सुधार गर्न दिएको सुझावको अवस्था 21
तालिका नं १४ 21
गुम्वा विद्यालयमा शिक्षक तालिमको अवस्था 21
तालिका नं १५ 22
शिक्षकहरुले सरकारी नियमअनुसार सुविधाको अवस्था 22
तालिका नं १६ 23
शिक्षकका भनाईमा आर्थिक श्रोतको व्यवस्थापन वा आर्थिक सहयोगको अवस्था 23
तालिका नं १७ 24
गुम्वा विद्यालयहरुको सिकाइ स्तर कक्षागत (औसत अंक) 24
तालिका नं १८ 24
गुम्वा विद्यालय सम्बन्धी अध्ययनमा प्रश्नावलीमा उत्तर दाता विद्यार्थीहरुको विवरण 24
तालिका नं १९ 25
गुम्वा विद्यालय सम्बन्धी अध्ययनमा प्रश्नावलीमा उत्तर दाता खेम्पो र शिक्षकहरुको विवरण 25
भाग ४ 27
प्राप्ती, निष्कर्ष र सुझावहरु 27
४.१ प्राप्तीहरु 27
४.२ निष्कर्ष 28
४.३ सुझावहरु 28
४.३.१ सम्बन्धित संस्थाले कार्यान्वय गर्नपर्ने सुझावहरु 28
४.३.२ नीतिगत तहमा गर्नुपर्ने सुझावहरु 29
सन्दर्भ सामग्री:: 29
अनूसूचिहरु 30
अनुसूचि-१ 30
अनुसूचि-२ 32
अनुसूचि-३ 33

गुम्वा विद्यालयहरुको शैक्षिक स्तर तथा व्यवस्थापकीय पक्षको अध्ययन

भाग १

परिचय

१.१ पृष्ठभूमि

नेपालमा औपचारिक शिक्षाको सुरुवात हुनु भन्दा धेरै अघिबाटै धार्मिक सघं संस्था र तिनका प्रमुखहरुबाट शिक्षादिक्षाको प्रबन्ध हुदै आएको पाइन्छ । बिशेषगरी गुरुकूलवाट हिन्दु दर्शन अनुसारको तथा गुम्बावाट बौद्ध दर्शन अनुसारका शिक्षा दिने गरेको इतिहास छ । पछिल्लो समयमा माथिका दुईको अलबा मदरसाहरुवाट इश्लाम धर्म अनुरुपका शिक्षा दिने संस्था पनि देशमा बिद्यमान रहेका छन । यस्ता गुम्बाहरुबाट दिईने शिक्षा अन्य धार्मिक संस्थाको तुलनामा बढी संगठित भएको कुरा पनि शैक्षिक इतिहासबाट जानकारी हुन्छ । बर्तमानमा पनि गुरुकूल, मदरसा र गुम्बा जस्ता धार्मिक संस्था पूर्ब देखि पश्चिम र हिमाल देखि तराइसम्मै प्रसस्त मात्रामा छरिएर रहेका छन । यस्ता संस्थामा अझै पनि विद्यार्थी संख्या उल्लेख्य मात्रामा रहनुले स्थानिय जनताको यसप्रतिको अभिरुची प्रस्टै देखिन्छ । यसै अवस्थालाई मध्यनजर गर्दे नेपाल सरकारले यस्तो शिक्षा र संस्थाप्रति चासो लिदै यिनिहरुलाइ पनि राज्यको शिक्षाको मूलप्रबाहिकरणमा समाबेश गर्ने नीति अनुरुप धार्मिक शिक्षाका अतिरिक्त राष्ट्रिय पाठ्यक्रम अनुकूलका विषयहरुपनि क्रमशः समाबेश गर्न प्रोत्सहान गर्दै एक जना शिक्षकको तलब बराबरको रकम अनुदानको रुपमा प्रदान गर्दै आइरहेको छ ।

नेपालको तिब्बतसँग सिमाना जोडिएका हिमाली जिल्लाहरुमा बौद्ध गुम्बाहरु बढी केन्द्रित रहेका पाइन्छन । मुस्ताङ जिल्लामा पनि हाल धेरै यस्ता गुम्बाहरु रहेका छन, जसमध्ये कुनै गुम्बाको रुपमा मात्र रहेका छन भने कुनै गुम्बा विद्यालयको रुपमा रहेका छन । हाल सम्ममा जि.शि.का. वाट अनुमति लाने गुम्बाको संख्या १२ पुगेको छ भने कतिपय अनुमति लाने प्रक्रियामा छन । यस आ.ब. मा पनि अनुमतिप्राप्त गुम्बाहरु मध्ये ८ वटा गुम्बा विद्यालयहरुलाइ तोकिएबमोजिमको अनुदान रकम निकासा प्रदान गरिसकिएको छ ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने धौलागिरी अञ्चलको ४ वटा जिल्लाहरु मध्ये एक विकट तथा दुर्गम हिमाली जिल्ला मुस्ताङ हो । यो जिल्ला पुर्व पश्चिम फैलिएको विशाल अन्नपुर्ण हिमश्रृङ्खला भन्दा उत्तरपट्टि अवस्थित हिमालपारिको रमणीय दुर्गम जिल्ला हो । धौलागिरी र निलगिरी २ अग्ला हिमशिखरको विचमा अवस्थित यो जिल्ला हिन्दु र बौद्ध तिर्थयात्रीहरुको पावन भूमी, पवित्र

कृष्णगण्डकी प्रवाहित हुने प्रकृतिको अनुपम दृष्य भएको पर्यटकको लागि मनमोहक एवम् सुन्दर रहेको छ । वर्ष भरिमा ६ महिना हिउं पर्नु र बाह्रै महिना तिव्र गतिमा हावा चलिरहनु यहांको प्रमुख विशेषता हो । विहानको समय वाहेक यहां दक्षिणबाट उत्तरतर्फ तिव्र वेगमा दक्षिण हावा चल्ने गर्दछ । जाडोको मौसममा मंसिरदेखि चैत्र महिना सम्म कहिलेकांही तिव्र वेगमा उत्तरदेखि दक्षिण दिशा तर्फ उत्तरी हावा चल्ने गर्दछ । जिल्लाको सदरमुकाम जोमसोम बजार कालीगण्डकीको किनारमा अवस्थित छ, जुन मार्फा र जोमसोम २ गा.वि.स.मा. पर्दछ । यहांको न्युनतम तापक्रम जाडो महिनामा ९ डिग्री से. भन्दा न्युन रहने गरेको तथा अधिकतम तापक्रम गर्मी याममा २६ डिग्री से.सम्म पुग्ने गर्दछ ।

१. गुम्वाहरुको ऐतिहासिक पृष्ठभूमि

करिव ३००० वर्ष अगाडीको पुरातात्वीक उत्खननबाट देखिए अनुसार यो क्षेत्र परापुर्वकालमा नेपाल र तिव्वत वीचको मुख्य व्यापारिक नाका रहेको बुझिन्छ । नेपालका धेरै जसो जिल्लाहरुको नामाकरण कुनै खोला, स्थान वा घटनाको आधारमा गरिएको भएता पनि यस जिल्लाको नामाकरण औषधीको नामबाट भएको पाइन्छ । तिव्वतीयन भाषामा मन् भनेको औषधी र थाङ भनेको चौरबाट मन्थाङ हुदै मुस्ताङ हुन आएको हो भन्ने जनश्रुती रहेको छ । जडिबुटीका हिसावले प्रसिद्ध रहेकोले पनि यस कुरामा विस्वास गर्न सकिन्छ ।

१.नम्ग्याल गुम्वाः इ.सं. १३०० साल पहिले स्थापना भएको हो । यो गुम्वा चारवटा साना गुम्वा अथवा बौद्ध मन्दिरलाई समेटेर १ गुम्वामा गाभेको हो । त्यतिवेला करिव ३०० जना लामाहरु गुम्वामा पुजापाठ गर्ने गर्थे । यो गुम्वा प्रख्यात गुरु पेछेन शाक्या छोक्तेनका पालामा स्थापना भएको र मुस्ताङका तीन विशिष्ट लामा वा ज्ञाता गुरु डोरधेन कुङ्गा साङपोका पालामा पूर्ण निर्माण गरेको किम्वदन्ति रहेको छ । लामा छाङ रिन्जीन गुरुङका भनाइमा तिव्वतमा एउटा समीय गुम्वा निर्माणको क्रममा जति पटक दिनमा निर्माण कार्य गरयो रातमा भूतले भत्काउने वा भत्केको हुने हुनाले त्यहाँको मूल लामा पदमा सम्वावाले (गुरु) थाहा पाई यो भत्काउने कार्य भूतले नै हो भनी खोजी गर्दै जाँदा घमीमा त्यस भूतलाई मारेर त्यस्का आन्द्रहरु त्यही गाडेको हुनाले त्यहाँको लामो छेदेन निर्माण भएको भन्ने किम्वदन्ति छ । त्यसै समयमा चराङ गा.वि.स. स्थित मराङमा नेपालको सबभन्दा पहिलो गुम्वा निर्माण पश्चात मात्र तिव्वतमा समिया गुम्वा निर्माण गर्न सजिलो भएको भन्ने भनाई रहेको छ ।

२. लो गर्फु मञ्जुश्री गुम्वा : यो गुम्वा करिव १२०० वर्ष अगाडि स्थापना भएको थियो । त्यसबेला यस गुम्वामा करिव १०० जना जति लामाहरु र आनीहरु पुजा पाठ गर्ने गर्थे । त्यस ताका गुम्वामा धार्मिक क्रियाकलापहरु संचालन गर्नका लागि महान गुरुहरुले विभिन्न खालका धार्मिक पुजापाठहरु गर्थे । त्यसवेला विभिन्न गाँउघरबाट लामा र आनीहरु भर्ना गर्ने र गुम्वाको राम्रो स्थिति थियो तर पछि गएर विस्तारै लामा र आनीको संख्या खस्किदै गयो र झण्डै गुम्वा खाली हुने अवस्थामा पुग्यो । यहाँ पहिला प्रत्येक गाँउबाट भाग लगाएर घरको माइला छोरा वा छोरी अनिवार्य लामा पढ्नुपर्ने चलन पनि थियो ।

३. नालान्दा बुद्धिष्ट गुम्वाः नालान्दा बुद्धिष्ट स्कूलको स्थापना पदम सम्भव च्यारिटी फपाण्डेशनको व्यवस्थापनमा भएको हो । यो विद्यालय नेपालको धौलागिरी अञ्चल मुस्ताङ जिल्लको उच्च सांस्कृतिक तथा आध्यात्मिक महत्व बोकेको टुकुचे गाँउमा अवस्थित छ । यस गाँउको पुर्वमा निलगिरी हिमाल र कालीगण्डकी नदी तथा पश्चिममा धौलागिरी हिमाल रहेको छ । यो ठाँउ आदिवासी थकाली जातिको ऐतिहासिक उद्‌गमस्थल पनि हो । थकाली बाहेक अन्य गुरुङ, राई, मगर, शेर्पा, कामी, दमाई,सार्की आदि जातिको बसोबास पनि रहिआएको छ । बौद्ध धर्मावलम्वीहरुको बाहुल्यता रहेता पनि यहाँ औपचारिक शिक्षा बाहेक बौद्ध शिक्षा प्रवर्द्धन गर्ने कुनै संस्था नभएको हुँदा बौद्ध दर्शन, ज्ञान, सीप, संस्कृति र ऐतिहासिक परम्परालाई जीवन्त राख्न तथा भावी पुस्तालाई सम्पदा हस्तान्तरण समेत गर्ने उद्देश्यका साथ वि.सं. २०६२ फागुन १९ गते पदम सम्भव चारिटी फाण्डेशनको स्थापना भएको थियो । वर्तमान भौतिकबादी उपभोकतावादी विश्वमा अध्यात्मिक दयालु देश र समाजको लागि समान जिम्मेवारी बोक्ने सभ्य नागरिक, सक्षम, अनुशासित र दक्ष जनशक्ति बनाउनको लागि यस पदम सम्भव च्यारिटी फाण्डेशनका संस्थापक डा. मंगलध्वज तुलाचन ज्यूबाट २०६७ फागुन १५ गतेका दिन मुस्ताङ जिल्लाको टुकुचे गा.वि.स.मा नालान्दा बुद्धिष्ट स्कूलको स्थापना भएको थियो । यो टुकुचे गा.वि.स.को वडा नं ५ झिलिङ्गमा अवस्थित छ र यसको संचालक डा. मंगलध्वज तुलाचन हुनुहुन्छ । विश्वको सबैभन्दा ठूलो बौद्ध विश्वविद्यालय भारतको नालान्दामा अवस्थित छ त्यसको सम्झना स्वरुप हाल यो नालान्दा बुद्धिष्ट स्कूलको स्थापना गरिएको छ ।

४. लो निफुग नाम्डोल नोर्वुलिङ्ग गुम्वाः यो गुम्वा १५ औ शताब्दीमा लो–खेन्छेव सोनम ल्दुन्डुपको पालामा स्थापनाभएको हो । त्यस ताका करिव ३० जना जति लामाहरु वस्ने र धार्मिक क्रियाकलापहरु संचालन गर्ने गर्थे । यस गुम्वामा विभिन्न महान गुरुज्यूहरु पाल्नु भई विभिन्न अभिषेक प्रदान गरेको किम्वदन्ति छ । हाल आएर यसैलाई गुम्वा विद्यालयकोनामबाट विद्यालय संचालन हुदै आएको छ ।

५. चराङ छ्योदे शेडुव धार्केलिङ गुम्वाः यो ऐतिहासिक गुम्वा लगभग ७५० वर्ष पुरानो गुम्वा हो । यहाँ परापूर्व कालमा २००० लामा भएको इतिहास छ । हाल ९ गाँउको साझा यस गुम्वामा मुस्ताङकै परानो सुन र चाँदीको मूर्ति यहाँ रहेको छ भने सुनले लेपन गरी लेखेका पुराना पुस्तकहरु यहाँ छन् । यहाँ ९ गाँउका मानिसहरु पुजा र पढ्न यहाँ आउँछन् भने जिल्ला बाहिरबाट पनि यहाँ पुजा गर्न र पढ्नका लागि आउने गरेको पाइन्छ ।

६. चराङ लेक्स्ये ध्योलिङ चुम्हे लोप्टाः पहिला धार्केलिङ गुम्वामा नै अनीहरु पढ्ने गरेको त्यहाँ प्रशस्त रुपमा देखिएकोमा पछि आनीहरु विस्तारै घटदै गएको कारणबाट गुम्वा पूर्णरुपमा जिर्ण भएको किनकी उचित शिक्षाको अभावले त्यस्तो अवस्था देखा परेको थियो । हाल परम्परागत उचित शिक्षा दिनको लागि गुम्वामा आनी गुम्वालाई पूर्ण स्मरणको लागि पूर्णरुपमा निर्माण गरी विधिपूर्वक कक्षा संचालन गरिएको हो । खास गरी आनी गुम्वामा आनीहरुलाई नेपाली भाषामा दक्ष गराउनको लागि र उपल्लो मुस्ताङमा जति पनि आनी गुम्वाहरु छन् तिनीहरुमा नेपाली विषयलाई त्यति ध्यानपूर्वक पठनपाठन नभएकोले र राष्ट्रिय भाषा नेपाली हो भन्ने समेत पहिचान नभएकोले मलाई (मकर विष्ट) नेपाली

भाषाको पूर्ण पहिचान गराउन र तिनीहरुलाई म नेपाली हुँ भन्ने भावना जगाउनको लागि गम्भिरतापूर्वक नेपाली विषयलाई बढी प्राथमिकता दिई यो गुम्वा विद्यालय संचालन गर्न लागिएको हो ।

७. महाकरुणा शाक्यपा गुम्वा : यो लोमन्थाङको १४७३ वर्ष पहिला ढाकर छेक्देन लिङ्ग स्थानमा स्थापना भई हाल तेश्रो पटक यस स्थानमा पहिला गुम्वा र हाल त्यसैलाई विद्यालयको रुपमा महापण्डितबाट (स्यारचु) उहाँ शाक्यापा तर्फ बढी झुकाव भएकोले यसको नामकरण महाकरुणा शाक्यपा राखिएको हो ।

८. काग छयोडे गुम्वा: नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने धौलागिरी अञ्चल मुस्ताङ जिल्लाको कागवेनी गा.वि.स.मा अवस्थित यो कागछोदे गुम्वा विद्यालय ऐतिहासिक र धार्मिक दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण छ । यो गुम्वा बौद्धभिक्षुहरुलाई परम्परागत बौद्ध धर्मका बारेमा शिक्षा दिने उद्देश्यले तिव्वतका एक महान लामा तेन्पी ग्याल्छेनबाट १४ औ शताब्दीमा स्थापना भएको हो । यसै उद्देश्यलाई निरन्तरता दिने क्रममा १८ औ शताब्दी तिर यस गुम्वाको आर्थिक पक्ष ज्यादै कमजोर भएकोले यो पूर्णरुपबाट अघि बढ्न सकेन र यस क्षेत्रका लामा विद्यार्थीहरु परम्परागत बुद्ध धर्म अध्ययन गर्न काठमाडौ र तिव्वत लगायत अन्य देशमा जानुपर्ने बाध्यता भयो । यसरी विदेशमा पद्न जाँदा आर्थिक कठिनाइका साथै आफ्नो नेपाली भाषा र संस्कृतीमा पनि ह्रास आउने भएकोले भारतमा अध्ययन गरि आएका शशक्त यूवा लामाहरु खेम्पो श्री तेन्जिङ्ग साङपो, श्री आङग्या लामा, श्री फुन्चोक लामा र छिरिङ दोर्जे लामाहरुको अथक प्रयासबाट फेरी यस गुम्वाले २ आधुनिक सुविधा सम्पन्न भवन लगायत विभिन्न जिल्लाका ३२ जना लामा विद्यार्थीहरुलाई परम्परागत बुद्धधर्म र नेपाल सरकारले निर्धारण गरेको पाठ्यक्रम अनुसारका गणित, नेपाली, अंग्रेजी, सामाजिक आदि विषय सहितको शिक्षा प्रदान गर्दै आएको छ । अहिले यहाँ भएका जेष्ठ लामाहरु र भारत र काठमाडौंमा तिव्वती गुम्वाहरुमा पढिरहेका २० र यहाँ अध्ययनगरिरहेका ३२ जना लामा विद्यार्थी गरी ५२ जना लामा विद्यार्थीहरुलाई भविष्यमा विश्वविद्यालय स्तरीय परम्परागत बौद्धधर्मको शिक्षा पनि यहि प्रदान गर्ने लक्ष्य यस काग छयोदे गुम्वा विद्यालयले राखेको छ ।

२.२ अध्यनको औचित्य

मुस्ताङ जिल्लामा संचालित गुम्बाहरुमध्ये १२ वटा गुम्बा विद्यालयहरुले जिल्ला शिक्षा कार्यालयवाट अनुमति लिई संचालनमा रहेका र जसमध्ये ८ वटा गुम्बाहरुलाई सरकारी अनुदान समेत प्रदान गर्दै आइरहेको छ । यसै सन्दर्भमा यस्ता गुम्बाहरुको समग्र ब्यवस्थापकीय पक्षहरु जस्तै भौतिक अवस्था के कस्तो अवस्थामा छ, शिक्षकहरुको व्यवस्थापन कसरी गरिएको छ, शिक्षण सिकाइको लागि कुन समय प्रयोग गरिन्छ, पाठ्यविषयहरु के के रहेका छन, शिक्षणको अतीरिक्त अन्य के के क्रियाकलापहरु संचालन गरिन्छन ? के कस्ता शिक्षण बिधि र सामाग्री हरु प्रयोग गरिएका छन ? मूल्याङ्कन प्रक्रिया र कक्षोन्नति के कसरी गरिन्छ ? आर्थिक स्रोतको व्यवस्थापन कसरी गरिएको छ ? अध्य्यनरत विद्यार्थीहरुको सिकाइ स्तरको अवस्था के छ ? गुम्बा विद्यालयहरु भबिश्यमा कसरी संचालन

हुन चाहन्छन र उनिहरुको सरकारसँगको अपेक्षा के छ ? जस्ता पक्षहरुको पहिचान र बिश्लेषण यो अध्य्यनले गरेको छ । अतः यो अध्य्यनले सरोकालवाला ब्यक्ति तथा निकायहरुलाइ गुम्बा विद्यालयको वास्तविक अवस्थाको पहिचान र भावि योजना निर्माणमा सहयोग पुर्याउने छ ।

१.३. अध्ययनको उद्देश्य

यस प्रवर्दनात्मक कार्यका प्रमूख उद्देश्यहरु निम्नानुसार रहेका थिए:

क) गुम्बा विद्यालयहरुको समग्र व्यवस्थापकीय पक्षको जानकारी लिनु,

ख) गुम्बा विद्यालयका विद्यार्थीहरुको सिकाइ स्तरको बिश्लेषण गर्नु,

ग) धार्मिक शिक्षण संस्थाहरु सम्बन्धमा सम्बद्ध निकायहरुमा सुझाब पेश गर्नु ।

भाग २

अध्ययन विधि

२.१ अध्ययनको ढाँचा

यस अध्ययनमा अनुसन्धानको क्रममा देखिएका तथ्यांकहरुलाई गुणात्मक र परिमाणात्मक ढंगले व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ किन कि प्राथमिक तथयंकलाई नै बढी प्रयोगमा ल्याइएको हुनाले गुणात्मक नै बढी देखिन्छ यदपि परिमाणात्मकको पनि उत्तिकै स्थान रहेको छ ।

२.२ जनसंख्या छनोट

१. भौगोलिक आधारमा तल्लो,मध्य र उपल्लो क्षेत्रको प्रतिनिधित्व हुनेगरी आठवटा गुम्बा विद्यालयहरुको छनोट गरिएको छ । उक्त गुम्वाहरुका १४ जना शिक्षक, ८ जना प्र.अ. तथा खेम्पो र १८ जना विद्यार्थीसँग प्रत्यक्षरुपमा प्रश्नावली भराईएको थियो ।

२.३ अध्ययनको साधन

१. तथ्याङ्क संकलन फाराम, प्रश्नावली र प्रश्नपत्र निर्माण गरी प्राथमिक तथ्यांक संकलन गरि विश्लेषण गरिएको छ ।

२.४ तथ्यांक संकलन विधि

१. प्राथमिक तथ्यांकलाई जिल्ला तहमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।

२. संकलित तथ्यांकलाई तालिकीककरण गरि विश्लेषण गरिएको छ ।

३. छनोट भएका गुम्बा विद्यालयहरुमा गई सूचना संकलन गरिएको ।

४. प्राप्त सूचना र तथ्याङ्कको एकिकरण, तालिकीकरण ।

५ बिश्लेषण तथा प्रतिवेदन लेखन ।

६. प्रतिबेदन तयारी (टाइपिङ, प्रिन्टिङ, तथा बाइण्डिङ) ।

भाग ३

तथ्यांक विश्लेषण

तालिका नं १

गुम्वा विद्यालय विवरण अध्ययन गरिएका गुम्वाहरु

सि.नं.	गुम्वा विद्यालयकोनाम	ठेगाना	गुम्वा स्थापना मिति	अनुमति प्राप्त साल	संचालित कक्षा	अनुमति प्राप्त कक्षा	कैफियत
१.	पाल एवं नम्ग्याल गुम्वा	छोन्हुप १	१३००	२०६२	१–७	१–६	
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	छोसेर १	१२००	२०६५	१–८	१–५	
३	नालान्दा बुष्टि स्कूल	टुकुचे	२०६९	२०६७	१–४	१–४	
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	छोसेर २	१५ औ शताब्दी	२०६७	१–८	१–५	
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	चराङ ९	७५० आठौ शताब्दी	२०५६	१–६	१–५	
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	चराङ ९	७५० ,,	२०५६	१–६	१–५	
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	लोमन्थाङ	१४७३	२०५०	१–७	१–५	
८	काग छयोडे गुम्वा विद्यालय	कागवेनी ८	२००९	२०६९	१–४	१–४	

आठौ शताब्दी देखि स्थापना भएको ऐतिहासिक चराङ गा.वि.स.मा अवस्थित घार गुम्वा नेपालकै पहिलो गुम्वा भएको भनाई छ । तालिका नं १ मा उल्लेख भए अनुसार सबैभन्दा पुरानो मुस्ताङको गुम्वा पनि चराङ छयोदे शेडुव धार्केलिङ्ग गुम्वा भएको पाइन्छ भने पछिको नालन्दा बद्धिष्ट गुम्वा भएको देखिन्छ । विद्यालयको अभिलेखमा उल्लेख भएअनुसार नेपाल सरकारबाट सबैभन्दा पहिला महाकरुणा शाक्यपा गुम्वा विद्यालय लोमन्थाङ २०५० मा स्थापना भई संचालन हुदैं आएको छ भने सबै भन्दा पछाडि कागछयोदे गुम्वा विद्यालय संचालनमा आएको देखिन्छ । अध्ययनमा हेर्दा विद्यालय अनुमति प्राप्त गरी संचालन भएता पनि सबै कक्षाहरु अनुमति प्राप्त नभएको देखिन्छ । अनुमति प्राप्त भन्दा बढी कक्षा संचालन गर्ने गुम्वा विद्यालय संख्या ६ छ भने अनुमति अनुसार संचालन भएका विद्यालय २ वटा मात्र भएको पाइयो ।

यसरी जुनसुकै विद्यालयहरु पनि अनुमति प्राप्त गरि संचालन गर्नुपर्नेमा नभएको पाइएकोले अनुमति प्राप्त भन्दा बढी कक्षा संचालन गरेको हुँदा नियमानुसार संचालन गर्न सम्बन्धित निकायले ध्यान दिई

अनुगमन निरीक्षण गर्न लगाई नियमानुसार संचालन गर्न मिल्ने भए संचालनको लागि प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ ।

तालिका नं २

गुम्वा विद्यालयका व्यवस्थापकहरुको विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	गुम्वा विद्यालयका अध्यक्ष एवं खेम्पोकोनाम	वि.व्य.स. गठन साल	बैठकको संख्या	बैठकमा छलफल गरिएको विषय	वि.व्य.स. गठन प्रक्रिया
१.	पाल एवं नम्म्याल गुम्वा	छाङ रिन्जिन गुरुङ	२०६२।१।१५	२	गुणस्तरीय शिक्षा	गाँउ भेला लामाप्रतिनिधीबाट
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	लामा छेतार गुरुङ	२०६४।४।१६	–	–	–
३	नालान्दा बुद्धिष्ट स्कूल	डा. मंगलध्वज तुलाचन	२०६९	२	छात्रवास, व्यवस्थापन	१३ सदस्यी २ वर्षको अवधि
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	सन्टुप गुरुङ	२०६७	३	,,	१० सदस्यी गाँउ भेला
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	टसीछिरिङ लामा	२०७१।१।५	६	,, पढाइ	९ सदस्यी ३ ३ महिना परिर्वन
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	माया विष्ट	२०७१।२।३०	४	परीक्षा, विद्यालय संचालन	–
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	कुङ्गा तेन्जिन	–	२	भर्ना, भवन निर्माण, घुम्ती विद्यालय	७ सदस्यी शिक्षा नियमावली अनुसार
८	काग छयोडे गुम्वा विद्यालय	फान्जोक गुरुङ	–	२	गुम्वाको संस्थागत विकास	–

गुम्वा विद्यालय व्यवस्थापनलाई गुणस्तरीय ढंगले संचालन गर्ने उद्देश्यले शिक्षा नियमावलीमा व्यवस्थापन भए पनि गुम्वाहरुको अवस्था हेर्दा यसरी व्यवस्थापन भएको देखिदैन । शिक्षा नियमावलीमा वि.व्य.स. प्रत्येक ३।३ वर्षमा पुर्नगठन हुनपर्नेमा पाल एवं नम्म्याल गुम्वा विद्यालय २०६२ देखि वि.व्य.स. गठन नभएको, लो गर्फु मञ्जुश्री गुम्वा विद्यालय २०६४ देखि, नालान्दा बुद्धिष्ट स्कूल २०६९, लो निफुग गुम्वा २०६७ देखि हालसम्म पुर्नगठन नभएको पाइयो , त्यस्तै महाकरुणा शाक्यपा गुम्वा र काग छोडे गुम्वामा भने मिति समेत उल्लेख नभएको पाइयो । गुम्वा विद्यालयलाई सुधार गर्न र व्यवस्थित बनाउन निकाय भनेको गुम्वा व्यवस्थापन समिति हो तर माथिको तालिका विश्लेषण गर्दा प्रत्येक महिना को १ पटक बैठक वस्नुपर्ने नीतिगत व्यवस्था भएपनि कसैको वर्षभरीमा १ पटक पनि

बैठक नबसेको देखिन्छ भने कसैको वर्षको ६ पटकसम्म बैठक बसेको पाइयो । बैठकको विषयवस्तुलाई नियाल्दा छलफलका विषयहरु शैक्षिक गुणस्तर सुधार गर्ने, छात्रावासमा भर्ना, पढाइ सम्बन्धी, परीक्षा संचालन सम्बन्धमा, विद्यार्थी भर्ना, भवन निर्माण, गुम्वाको संस्थागत विकास गर्ने सम्बन्धमा हुने गरेको पाइयो ।

शिक्षा नियमावली अनुसार गुम्वाहरु गुठीमा दर्ता त भएको पाइयो तर ति गुम्वाहरु निजी गुठी हुन या सार्वजनिक गुठी हुन स्पष्ट किटान नभएको पाइयो । गुठीको विधान बमोजिम गुम्वा विद्यालय संचालक समिति गठन भएको या नभएको बारे अनविज्ञता भएको पाइयो ।

सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक प्रधानाध्यापक र मन्त्रालयले तोकेको तथा निजी शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठीयार हुने व्यवस्था भएता पनि गुठीको विधान बमोजिम समिति नभएको पाइयो ।

यस अध्ययनलाई विश्लेषण गर्दा गुम्वा विद्यालयहरु गुठीको विधानलाई राम्रोसँग अध्ययन गरी प्रचलित ऐन नियमावली अनुसार संचालक समिति गठन गरी समितिको काम कर्तव्य र अधिकारीलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

तालिका नं ३

गुम्वा विद्यालयमा अध्यापन गराएका विषयहरुको विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	गुम्वा विद्यालयमा पढाइ हुनू विषयहरु	पाठ्यक्रम अनुसार पढाउनुपर्ने विषयहरु	कैफियत
१.	पाल एवं नम्ग्याल गुम्वा	सामाजिक, जिके, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा	सृजनात्मक कला, स्वस्थ्य तथा शा.	
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	सामाजिक, अंग्रेजी, गणित, नेपाली,विज्ञान,,भोटभाषा	जिके, सृजनात्मक कला, स्वस्थ्य तथा शा.	
३	नालान्दा बुष्टि स्कूल	सामाजिक, जिके, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा, कम्प्यूटर, सृजना	स्वस्थ्य तथा शा.	
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	सामाजिक, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा	जिके, सृजनात्मक कला, स्वस्थ्य तथा शा.	
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	सामाजिक, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा	जिके, सृजनात्मक कला, स्वस्थ्य तथा शा.	
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	सामाजिक, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा	जिके, सृजनात्मक कला, स्वस्थ्य तथा शा.	
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	सामाजिक, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा, स्वस्थ्य शा.	जिके, सृजनात्मक कला	
८	काग छ्योडे गुम्वा विद्यालय	सामाजिक, नेपाली,, अंग्रेजी, गणित, विज्ञान,,भोटभाषा, कला संस्कृति	जिके, स्वस्थ्य तथा शा.	

माथिको तालिका नं ३ अध्ययन गर्दा गुम्वा विद्यालयले पढाउनुपर्ने विषयहरु अधिकांश गुम्वा विद्यालयले धेरै जसो पा.पु.हरु पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पा.पु. नै लागू गरेको पाइयो भने केही विषयहरु जस्तै सृजनात्मक कला, स्वस्थ्य तथा शारीरिक शिक्षा र सामान्य ज्ञानलाई कक्षा कोठामा प्रयोग नगरेको पाइयो ।

माथिको विश्लेषणका आधारमा गुम्वा विद्यालयहरुले पनि नेपाल सरकारको नीति अनुरुप अनिवार्य विषयहरु पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पा.पु.हरु नै लागू गर्नुपर्ने र ऐच्छिक तथा मातृभाषाका पा.पु.हरु पनि पा.वि.के.कै स्वीकृत अनुसार मातृलिपीमा बनाई लागू गर्नुपर्ने आवश्यक देखिन्छ ।

तालिका नं ४

गुम्वा विद्यालयहरुका सेवाक्षेत्र विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	मुस्ताङ	कास्की	गोरखा	लम्जुङ	डोल्पा	मनाङ	मुगु	जुम्ला	चितवन	सल्यान	स्याङजा	नुवाकोट	हुम्ला	रसुवा	रोल्पा	काभ्रे	सिन्धुली
१.	पाल एवं नम्याल गुम्वा	✓	✓			✓	✓							✓				
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	✓	✓	✓					✓									
३	नालान्दा बुष्टि स्कूल	✓	✓															
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	✓	✓	✓	✓							✓	✓					
५	चराङ छयोदे शेडुव धार्केलिङ गुमवा विद्यालय	✓				✓				✓	✓							
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	✓				✓				✓	✓							
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	✓	✓	✓	✓	✓	✓	✓	✓					✓	✓	✓	✓	✓
८	काग छयोडे गुम्वा विद्यालय	✓			✓	✓												

नेपालमा शिक्षा क्षेत्रलाई विकास गर्न सघाउ पुऱ्याउने उद्देश्यले धार्मिकरुपमा संचालन हुँदै आएका तर सरकारको कानूनभित्र रहेर नआएको अवस्थामा कानूनमा ल्याउन प्रयास स्वरुप आठौ योजना अवधि देखि यिनीहरुलाई पनि मुख्य कानूनी दायारभित्र ल्याउने प्रयास स्वरुप धार्मिक विद्यालयहरुलाई अनुमति दिई संचालन हुदै आएको सन्दर्भमा मुस्ताङ जिल्लामा गुम्वा विद्यालयहरु संचालन भएका छन् । गुम्वा विद्यालयको सेवा क्षेत्र हेर्दा स्थापना भएको स्थान वरपर वा गा.वि.स. वरपर वा जिल्ला भित्र वा जिल्ला बाहिरबाट भन्ने स्पष्ट किटान नभएको पाइयो । माथिको तालिका नं ४ बाट प्रष्ट हुन्छ कि सम्बन्धित गा.वि.स.बाट भन्दा पनि विद्यार्थीहरु बाहिरी गा.वि.स. वा बाहिरी जिल्लाबाट बढी भर्ना भएको पाइयो ।

यसलाई विश्लेषणको दृष्टिले हेर्दा नालान्दा बुद्धिष्ट स्कूलमा जिल्ला बाहिरबाट भर्ना हुने संख्या अधिक भएको पाइयो भने महाकरुणा शाक्यपामा जिल्ला भित्रबाट भर्ना भएको पाइयो ।

गुम्वा विद्यालयलाई उचित ढंगले संचालन गर्नको लागि र संस्थागत दिगो विकास गर्न सकभर सम्बन्धित गा.वि.स. वा जिल्लाभित्र सेवा क्षेत्र बनाई गुणस्तरीय शिक्षा दिन उपयुक्त देखिन्छ ।

तालिका नं ५

गुम्वाहरुले जिशिकाका बुझाउनुपर्ने विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	मासिक	चौमासिक	वार्षिक	परीक्षण	कैफियत
१.	पाल एवं नम्ग्याल गुम्वा	–	–	✓	✓	तालिमको आवशयक
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	–	–	–	–	
३	नालान्दा बुष्टि स्कूल	–	–		✓	तथ्यांक मात्र भर्ने गरेको
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	–	–	–	–	तथ्यांक मात्र भर्ने गरेको
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	–	–	–	–	तथ्यांक मात्र भर्ने गरेको
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	–	–	–	–	तथ्यांक मात्र भर्ने गरेको
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	–	–	–	–	तथ्यांक मात्र भर्ने गरेको
८	काग छ्योडे गुम्वा विद्यालय	–	–	–	–	तथ्यांक मात्र भर्ने गरेको

शिक्षा ऐन नियमावली अनुसार अनुमति प्राप्त गुम्वा विद्यालयले प्रत्येक शैक्षिक सत्रको परीक्षाको नतिजा, शैक्षिक विवरण (शिक्षक विद्यार्थी विवरण), आर्थिक विवरण प्रत्येक चौमासिक र वार्षिक रुपमा सम्बन्धित गा.वि.स.,श्रोतकेन्द्र र जिशिकामा बुझाउनुपर्ने हुन्छ तर गुम्वा विद्यालयले शैक्षिक तथ्यांक पनि विद्यार्थी विवरण मात्र बुझाउने गरेको पाइयो ।

जुनसुकै शैक्षिक संस्थाहरुले वार्षिकरुपमा चौमासिकरुपमा बुझाउनुपर्ने विवरणहरु समयमै बुभाइ संस्थालाई सवलीकरण गर्नु उपयुक्त देखिन्छ ।

तालिका नं ६

विद्यार्थी विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	छात्रा	छात्र	जम्मा	बढी आउने समुदायका संख्या	गा.वि.स. भित्रबाट आउने	जिल्लाभित्रबाट आउने	जिल्ला बाहिरबाट आउने संख्या
१.	पाल एवं नम्ग्याल गुम्वा	३८	६२	१००	जनजाति		७०	१०
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	०	१६	१६	,,	७	०	९
३	नालान्दा बुष्टि स्कूल	०	१२३	१२३	,, दलित	१०	३०	७०
४	लो निफुग नाम्डोल नोवुलिङ	०	४५	४५	जनजाति	१	१८	२६

	गुम्वा विद्यालय							
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुम्वा विद्यालय	०	३६	३६	,,	११	६	१९
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	२१	०	२१	,,	१७	४	०
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	०	७७	७७	,,	२०	३०	२७
८	काग छयोडे गुम्वा विद्यालय	०	३१	३१	,,	४	३०	१

माथि तालिका नं ६ मा उल्लेख गरिएका विवरणहरुलाई अध्ययन गर्दा सबैभन्दा बढी विद्यार्थी संख्या भर्ना भएको विद्यालय नालान्दा बुद्धिष्ट स्कूल हो भने सबैभन्दा थोरै भर्ना भएको विद्यालय लो गर्फु मञ्जुश्री गुम्वा विद्यालय भएको पाइयो र अधिकांश गुम्वा विद्यालयहरुमा जनजातिका बालबालिकाहरु नै भर्ना गरेको पाइयो भने केही मात्रामा मात्र दलित र अन्य बालबालिकाहरु भर्ना भएको पाइयो ।

विद्यालय संचालन भएको गा.वि.स.भित्रबाट भर्ना भएका ७० जना, जिल्लाभित्र सम्बन्धित गा.वि.स. बाहेकको भर्ना भएका १९८ जना र जिल्ला बाहिरबाट १६३ विद्यार्थी भर्ना भएको पाइयो । यहाँ विश्लेषण गर्दा विद्यालयको सम्बन्धित सेवा क्षेत्र भन्दा बाहिरबाट विद्यार्थी भर्ना भई पढ्ने गरेको पाइयो । विद्यार्थीसँगको छलफलमा कतिपय विद्यार्थीहरु गरिवीका कारण भर्ना हुन आएका छन् भने कतिपय बावुआमाले पढ्न पठाएको भन्ने बुझिन्छ भने कतिपय धर्म संस्कार अनुसार जनजातिहरुमा १ जना छोरा वा छोरी बुद्ध दर्शन पढाउनु पर्ने वा लामा बनाउनु पर्ने उद्देश्यले भर्ना भएको पाइयो ।

यसरी अध्ययन गर्दा बालबालिकहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई कुण्ठित नहुने किसिमले उसले शिक्षा पाउनुपर्ने कुरामा द्विविधा छैन यदयपि भविष्यमा जुनसुकै धारमा जानसक्ने तरिकाले शिक्षा प्रदान गर्न उपयुक्त हुन्छ ।

तालिका नं ७

गुम्वा विद्यालय अध्यापन पश्चात लामाहरुको अध्ययन कुन ठाँउमा हुने विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	साधरणमा जानेको संख्या	मेडीकल अध्ययन गर्नेको संख्या	बुद्धिष्ट कलेज पढ्ने	लामा बन्नेको संख्या	अन्य
१.	पाल एवं नम्ग्याल गुम्वा	–	–	✓	✓	भारतमा थप अध्ययन गर्न जाने
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	–	–		✓	,,
३	नालान्दा बुष्टि स्कूल	–	✓	✓	✓	,,
४	लो निफुग नाम्डोल	–	–		✓	

	नोवुलिङ गुम्वा विद्यालय					
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	–	–	✓	✓	
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	–	–	✓	✓	
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	–	–	✓	✓	,,
८	काग छयोडे गुम्वा विद्यालय	–	–	✓	✓	,,

अध्ययन गरिएका गुम्वाहरुको लामा तथा विद्यार्थीलाई यस पछिको अध्ययन कुन ठाँउमा हुन्छ भन्ने प्रश्नमा एकरुपता देखिएन । केही विद्यार्थीहरुले मेडिकलकलेज, पढ्ने जानकारी दिएको पाइयो भने धेरैले बुद्धिष्ट कलेज पढेर लामा बन्ने रहर गरेको पाइयो ।

अहिले लामा विद्यार्थीहरुले राखेको लक्ष्य अनुसार सबै पढ्न नै सक्छन् भन्ने भावमा रहँदा भविष्यमा लामा पढ्न नसक्ने विद्यार्थीहरुलाई साधरण तर्फ आउन सक्ने गरी व्यवस्थापन गर्नु उपयुक्त देखिन्छ ।

तालिका नं ८

शिक्षा नियमावलीहरु अनुसार शिक्षक नियुक्तिको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	छ भने संख्या	छैन भने संख्या	अध्यापन अनुमति प्राप्त शिक्षक संख्या	कैफित
१.	पाल एवं नम्ग्याल गुम्वा		७	१	
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय		७		
३	नालान्दा बुष्टि स्कूल		७		
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय		४		
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय		४	१	
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय		३		
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय		५	१	
८	काग छयोडे गुम्वा विद्यालय		४		
	जम्मा		४१	३	

माथिको तालिका विश्लेषण गर्दा शिक्षा ऐन नियमावली अनुसार कुनै पनि गुम्वा विद्यालयमा शिक्षक नियुक्ति नभएको पाइयो । योग्यता अनुसार पनि शिक्षक नियुक्ति नभएको पाइयो । ४१ जना शिक्षकहरुमा जम्मा ३ जना मात्र शिक्षकले स्थायी अध्यापन अनुमति पत्र लिएको पाइयो ।

यसले गर्दा विद्यालय अनुमति दिदा राखिएका शर्तहरु पालनाभित्र यो पनि पर्ने भएको हुँदा प्रत्येक गुम्वाहरुलाई स्थायी अनुमति पत्र लिएको योग्य शिक्षकहरुलाई मात्र शिक्षक पदमा नियुक्ति गर्नुपर्ने देखिन्छ ।

तालिका नं ९ गुम्वा विद्यालयहरुका प्रकारको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	शाक्यपा	डिमा	घेलुक	कागयू
१.	पाल एवं नम्म्याल गुम्वा	✓			
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय		✓		
३	नालान्दा बुष्टि स्कूल	✓			
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	✓			
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	✓			
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	✓			
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	✓			
८	काग छयोडे गुम्वा विद्यालय	✓			
		७	१	०	०

बौद्ध धर्मावलम्वीहरुको भनाइ अनुसार महायान भित्र विभिन्न समूहहरु छन् त्यसमा ४ वटा समूहमध्ये अध्ययनको क्रममा सबै भन्दा बढी शाक्यपा ७ वटा विद्यालयमा पढाइ भएको छ भने १ वटा गुम्वा विद्यालयमा मात्र डिमा पढाई भएको पाइयो । अन्य २ समूहमा यस जिल्लामा पढाइ नभएको पाइयो ।

यसले गर्दा अन्य समूहको बारेमा पनि खोज अनुसन्धान गर्नुपर्ने आवश्यक देखिन्छ ।

तालिका नं १०

गुम्वा विद्यालयको लागि नीतिगत सुझावको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	सुझावकर्ताकोनाम	सुझावहरु	सुझाव सकरात्मक	नकरात्मक
१.	पाल एवं नम्म्याल गुम्वा	छाङ रिनजीन गुरुङ	धार्मिक विद्यालय संचालन नीत राम्रो हुनुपर्ने	सकरात्मक सुझाव	
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	धावा गुरुङ	खाली	खाली	खाली

३	नालान्दा बुष्टि स्कूल	डा. मंगलध्वज तुलाचन	योग्य शिक्षक उचित व्यवस्थापन	सकरात्मक	खाली
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	जम्याङ पाल्जोर	धार्मिक ग्रन्थ,लेख र मुर्तिकलाको जर्गेना	,,	
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	टसी वाङग्याल	,, ,,	,,	
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	मकर विष्ट	अनुगमन निरीक्षण निरन्तर गर्नुपर्ने गुम्वामा पनि	,,	
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	ग्याचो गुरुङ	धार्मिक संस्थार, तिजीमेलाको लोप हुन लागेकोले यसको जर्गेना गर्ने	,,	
८	काग छ्योडे गुम्वा विद्यालय	फान्जोक गुरुङ	गुम्वाको लागि दिगो आर्थिक नीति सुधार गर्नुपर्ने	,,	

धार्मिक विद्यालयहरुमध्ये गुम्वा विद्यालयहरुको राज्यले निर्दिष्ट गरेका उद्देश्यहरु पूरा गर्न सहजीकरण गर्न सहज हुने देखिन्छ यदपि नीतिगत व्यवस्थालाई सुधार गर्न विद्यालय संचालकहरुको भनाइले धार्मिक विद्यालय संचालन गर्ने नीति उचित भएमा अझ राम्रो हुने सुझाव दिएको पाइयो । कतिपय संचालकहरु शिक्षक नियुक्ति गर्दा योग्य र तिनीहरुलाई उचित व्यवस्थापन गर्ने ऐन नियमावली आवश्यक भएको सुझाव प्रस्तुत गरेको पाइयो भने कतिपयले धार्मिक ग्रन्थ, लेख र मुर्तिकलाको जर्गेना गर्ने नीति राज्यले लिएमा राम्रो हुने सुझाव प्रस्तुत गरेको पाइयो ।

गुम्वा विद्यालय संचालकहरुले राज्यले निर्माण गरेका नीति नियमानुसार विद्यालय संचालन गरेमा र थप नीतिगत व्यवस्थापनका लागि सुझाव प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

तालिका नं ११

आर्थिक श्रोत व्यवस्थापनको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	वैदशिक श्रोत	गैरसरकारी संस्थाबाट दिने	सरकारी संस्था	बढी सहयोग सरकारी वा अन्य
१.	पाल एवं नम्ग्याल गुम्वा	विदेशमा पुजापाठ गरेर		✓	अन्यबाट
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	जर्मन	हिमालयन फाउण्डेसन	✓	,,
३	नालान्दा बुष्टि स्कूल			✓	डा.मंगलध्वज तुलाचनबाट
४	लो निफुग नाम्डोल			✓	अन्य

	नोवुलिङ गुम्वा विद्यालय				
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय		,,	✓	अन्य
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय		,,	✓	अन्य
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय		,,	✓	अन्य
८	काग छयोडे गुम्वा विद्यालय		चन्दा	✓	अन्य

जुनसुकै संघसंस्था संचालन गर्न श्रोतको आवश्यकता पर्दछ । विद्यालयहरु अनुमति प्राप्त गर्ने समयमा प्रशस्त श्रोत देखाउने तर अनुमति पश्चात श्रोत नभएर विद्यालय संचालन गर्न कठिन भएको अवस्था देखाएको पाइयो । सरकारी श्रोतलाई मुख्यश्रोत मानेर विद्यालय संचालन गर्न खोजेको पाइयो ।

गुम्वा विद्यालयको आन्तरिक व्यवस्थापन हेर्दा सबै विद्यार्थीहरुलाई वस्ने, खाने र स्टेस्नरीको व्यवस्था गरेको पाइयो । यसरी नियालेर हेर्दा झण्डै १०० को हाराहारीमा विद्यार्थी भएको स्थानमा कसरी सबै कुराको व्यवस्थापन भएको छ अझै अध्ययन अनुसन्धानको विषय बनाउनु पर्छ भन्ने यो अध्ययन ले देखाएको छ । विशेषगरी विद्यालयका खेम्पो ठूलो लामा वा अध्यक्ष र गाँउलको आन्तरिक श्रोत परिचालन गरिएको भन्ने बुझिन्छ ।

तालिका नं १२

गुम्वा विद्यालयप्रति शिक्षकहरुको धारणको अवस्था

सि.नं	विवरण	संख्या	प्रतिशत
१	सकारात्मक धारणा राख्ने	१०	६६.६६
२	नकरात्मक धारण राख्ने	५	३३.३३
३	जम्मा	१५	१००

तालिका नं १२ मा गुम्वा विद्यालयप्रतिको शिक्षकहरुको धारणा बुझ्न खोजिएको छ । जसअनुसार गुम्वा विद्यालय व्यवस्थापनको बारेमा पूर्णरुपमा प्रष्ट नभए पनि गुम्वा विद्यालय प्रति सकरात्मक धारणा राखेको पाइयो । गुम्वा विद्यालयप्रति सकरात्मक धारणा राख्ने झण्डै ६६.६६ प्रतिशत देखिन्छ भने ३३.३३ प्रतिशत मात्र नकरात्मक धारण राखेको पाइयो ।

यसले सबै शिक्षकहरु गुम्वा विद्यालयप्रति राम्रो धारणा राख्ने प्रयास गरेतापनि केही सुधार गर्नुपर्ने पक्के छन् भनी बुझ्न गुम्वा संचालकहरुको भएको देखिन्छ ।

तालिका नं १३

शिक्षकहरुको विचारमा गुम्वा विद्यालय सुधार गर्न दिएको सुझावको अवस्था

सि.नं	विवरण	संख्या	प्रतिशत	कैफियत
	भौतिक अवस्था	२	११.११	
	मानवीय अवस्था	७	३८.८०	
	आर्थिक व्यवस्था	२	११.११	
	अन्य व्यवस्था	७	३८.८०	
		१८	१००	

गुम्वा विद्यालय व्यवस्थापन सुधार गर्नलाई यस अध्ययनमा १८ जना शिक्षकहरुसँग छलफल गरिएको थियो । जस अनुसार कसैले भौतिक पक्षमा जोडदिए, कसैले मानवीय पक्ष, आर्थिक पक्ष र अन्य पक्षमा सुधार गर्नुपर्ने अवाश्यकता औल्याएको पाइयो । उहाँहरुको भनाइ अनुसार झण्डै ११.११ प्रतिशत भौतिक व्यवस्थापनलाई सुधार गर्नुपर्ने, ३८.८० प्रतिशत मानवीय व्यवस्थापनलाई सुधार गर्नुपर्ने, ११.११ प्रतिशत शिक्षकहरु आर्थिक व्यवस्थापनलाई सुधार गर्नुपर्ने र ३८.८० प्रतिशत शिक्षकहरु शैक्षिक व्यवस्थापनलाई सुधार गर्नुपर्ने सुझाव दिइएको पाइयो ।

यसरी विश्लेषण गर्दा गुम्वा विद्यालयलाई व्यवस्थापकीय पक्षलाई सुधार गर्न सबै पक्ष उत्तिकै गहन छन् र सबैलाई बराबरी रुपमा ठाँउ परिवेश अनुसार सुधार गर्दै लग्न सके उपयुक्त हुन्छ ।

तालिका नं १४

गुम्वा विद्यालयमा शिक्षक तालिमको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	तालिम लिएको संख्या	तालिम नलिएको संख्या	जम्मा शिक्षक अध्ययनका मात्र	तालिम प्रतिशत	तालिम अप्राप्त प्रतिशत
१.	पाल एवं नम्ग्याल गुम्वा	२		२	१००	
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय		२	२		१००
३	नालान्दा बुष्टि स्कूल		१	१		१००
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय		२	२		१००
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	१	१	२	५०	५०
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय		२	२		१००
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	१	१	२	५०	५०
८	काग छयोडे गुम्वा विद्यालय		१	१		१००
		४	१०	१४	४०	६०

गुम्वा विद्यालयमा पठनपाठन गर्नको लागि होस् या सरकारी एवं निजी विद्यालयमा होस् नेपाल सरकारले कम्तीमा पनि शिक्षक तालिम प्राप्त होस् भन्ने लक्ष्य राखेको छ । तर माथिको तालिकामा १४ जना शिक्षकमा जम्मा ४ जना मात्र तालिममा लिएको पाइयो । तर उहाँहरु कुन तालिम लिनुभएको स्पष्ट भएको भने पाइएन । १४ जना शिक्षकमध्ये १० जना तालिम नलिएको र उहाँहरुको भनाइमा अवसर पनि नभएको पाइयो ।

यसरी शिक्षा क्षेत्रमा अझैपनि तालिम प्राप्त शिक्षकहरु नियुक्ति नभएकोले गुणस्तरीय शिक्षा प्रदान गर्न बाधा पुग्ने देखिन्छ । यसका लागि चाहे गुम्वा विद्यालय होस् चाहे संस्थागत विद्यालय होस् सबै शिक्षक तालिम प्राप्त हुनु आवश्यक देखिन्छ ।

तालिका नं १५

शिक्षकहरुले सरकारी नियमअनुसार सुविधाको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	सरकारी नियमानसार सुविधा पाउनेको संख्या	नपाउनेको संख्या	पाउनेको प्रतिशत	नपाउनेको प्रतिशत
१.	पाल एवं नम्ग्याल गुम्वा	०	२	०	१००
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	०	२	०	१००
३	नालान्दा बुष्टि स्कूल	०	१	०	१००
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	०	२	०	१००
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	०	२	०	१००
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	०	२	०	१००
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	०	२	०	१००
८	काग छयोडे गुम्वा विद्यालय	०	१	०	१००
		०	१४	०	१००

जुनसुकै विद्यालय संचालन गर्दा सरकारी नियमानुसार सुविधा दिइनेछ भन्ने शर्तमा विद्यालयले अनुमति प्राप्त गरेका हुन्छन् तर शिक्षकहरुले पाउनुपर्ने सुविधाहरु नपाएको यस अध्ययनले देखाउछ । १४ जना शिक्षकहरुसँगको प्रश्नमा कुनै पनि शिक्षकले पूरा सुविधा नपाइएको पाइयो ।

यसले गर्दाअन्य गुम्वा विद्यालयहरुमा पनि सरकारी सेवा सुविधा नपाएको बुझिन्छ र त्यसलाई सेवा सुविधा नदिएमा सरकारी नियमानुसार जुनसुकै विद्यालयलाई पनि नियमानुसार कारवाही गर्नुपर्ने अवस्था देखिन्छ ।

तालिका नं १६

शिक्षकका भनाईमा आर्थिक श्रोतको व्यवस्थापन वा आर्थिक सहयोगको अवस्था

सि.नं	गुम्वा विद्यालयको नाम	आन्तरिक श्रोतको अवस्था	बाह्य श्रोतको अवस्था	आन्तरिक प्रतिशत	बाह्य प्रतिशत	र्कपिलत
१.	पाल एवं नम्ग्याल गुम्वा	१	१			
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	२				
३	नालान्दा बुष्टि स्कूल	१				
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	थाहा छैन	थाहा छैन			
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	१	थाहा छैन			
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	थाहा छैन	थाहा छैन			
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	१	१			
८	काग छयोडे गुम्वा विद्यालय	१	थाहा छैन			
		७	२			

गुम्वा विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई आर्थिक श्रोतको व्यवस्थापन कहाँबाट भै रहेको छ भन्ने विषयमा धेरैले थाहा नभएको अवस्था बताएको पाइयो । गुम्वाहरुमा आफ्नो आन्तरिक श्रोतको व्यवस्थापनबाट संचालन भएको पाइन्छ भने केहीले मात्र बाह्य श्रोतको प्रयोग गरेको पाइयो । लामा तथा खेम्पोहरुको बाहिरी जनसम्पर्क र व्यक्तिगत सहयोगबाट गुम्वाहरुमा सहयोग गरेको देखिन्छ । गुम्वाहरुको आर्थिक श्रोत व्यवस्थापनमा सरकारी लगानि धेरै नभएता पनि त्यहाँको भौतिक संरचना, कार्यालय, व्यवस्थापन लगायतका कुराहरु राम्रोसँग संचालन भएको पाइयो । गुम्वाहरु आउने बाह्य श्रोत नियमित रुपमा आइरहने भने देखिएन ।

दिगोरुपमा श्रोत पहिचान नगरी संस्था संचालन गर्दा भविष्यमा पर्न सक्ने समस्याहरुको बारेमा जानकारी राखी योजनाबद्ध ढंगले गुम्वा विद्यालयको श्रोत पहिचान गर्नुपर्ने जरुरी देखिन्छ ।

तालिका नं १७

गुम्वा विद्यालयहरुको सिकाइ स्तर कक्षागत (औसत अंक)

सि.नं	गुम्वा विद्यालयको नाम	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा १ ५ जम्मा
१.	पाल एवं नम्ग्याल गुम्वा	५७	६५.२	४५	६२.८	१७.३	४८.६
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	०	४८	६३	०	३२	५०.५
३	नालान्दा बुष्टि स्कूल	५३.८	५०.८	४९.२	५७.२	०	५२.८
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	५७.६	५३.२	५४.२	५५.४	५५.८	५५.२
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	४३.३	४१	४५	४०	३६	४१.२
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	०	६०.३	६०.८	६७	६४	६४.३
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	७२.२	७२.३	७४.७	७०	६९.२	६९.७
८	काग छ्योडे गुम्वा विद्यालय	०	०	०	०	०	०
	जम्मा औसत	५६.५८	५५.८२	५५.९८	५८.७३	४५.७२	५४.५६

गुम्वा विद्यालयहरुको सिकाइ उपलब्धी स्तरलाई वार्षिक परीक्षामा सम्मिलित विद्यार्थी र तिनले प्राप्त गरेको प्राप्ताकंका आधारमा औसत अंक निकालिएको छ । जस अनुसार कक्षा १ को औसत अंक राष्ट्रिय औसत भन्दा बढी र जिल्ला औसत भन्दा कम भएको पाइयो । विद्यालयगत हेर्दा सबै भन्दा बढी कक्षा १-५मा महाकरुणा शाक्यपा गुम्वा विद्यालयको भएको पाइयो भने सबैभन्दा कम चराङ छ्योदे शेडुव धार्केलिङ्ग गुम्वाको भएको पाइयो । कक्षागत रुपमा हेर्दा सबै भन्दा बढी कक्षा ४ को औसत अंक देखिन्छ भने कक्षा ५ को कम भएको पाइयो ।

समग्रमा हेर्दा जिल्लामा प्राथमिक तहको भन्दा सिकाइ उपलब्धी स्तर कम भएकोले सुधार गर्नुपर्ने देखिन्छ ।

तालिका नं १८

गुम्वा विद्यालय सम्बन्धी अध्ययनमा प्रश्नावलीमा उत्तर दाता विद्यार्थीहरुको विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	विद्यार्थीको नाम		कक्षा	कक्षा	कक्षा १ ५ जम्मा	६ भन्दा माथि
१.	पाल एवं नम्ग्याल गुम्वा	ज्याम्याङ छोसाङ	नाम्खा डोल्मा राई	४	४	२	
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	तिन्जी हिस्सी तामाङ्ग	ल्हाप्पा छोजु गुरुङ	६	६		२

३	नालान्दा बुष्टि स्कूल	ड्रिङ गुरुङ		यूकेजी		१	
४	लो निफुग नाम्डोल नोवुलिङ गुम्वा विद्यालय	नेम्पा म्यछो	ङवाङ झिन्वा	८	८		२
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	ङवाङ शेख बुढामगर	झम्याङ टसी गुरुङ	५	४	२	०
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	लेम्स्ये छयोकी		५	०	१	०
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	दोर्जे	प्रेम रिकसाल	६	५	१	१
८	काग छयोडे गुम्वा विद्यालय	कुङ्गा छोफेल		४	०	१	०
			जम्मा	८	५	८	५

नमूना छनोटमा परेका विद्यालयहरुमध्ये केही विद्यालयहरु बढी अध्ययनमा समेटिएका छन् र विद्यार्थी पनि बढी नै समेट्ने प्रयास गरिएको छ । अध्ययनको क्रममा १३ जना बालबालिकाहरुले प्रश्नावलीको प्रयोग गरेको पाइयो जसमा सबै भन्दा सानो बालक लामा ड्रिङ जुन यूकेजी अध्ययनरत नालान्दा बुद्धिष्ट स्कूलमा अध्ययनरत रहेको पाइयो भने कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीले पनि यसको मौका पाएको पाइयो । यहाँ सकभर सबै बालबालिकाहरुको प्रतिनिधित्व गर्न खोजेको पाइयो ।

यसबाट के भन्न सकिन्छ भने अध्ययनकर्ता संस्थाले सबैपक्षहरुलाई समेटेर अगाडि बढ्न खोजेकोभएता पनि बिद्यार्थीहरुको स्तर अनुसारको प्रश्नावली निर्माणगरी अगाडि बढ्नु उपयुक्त देखिन्छ ।

तालिका नं १९

गुम्वा विद्यालय सम्बन्धी अध्ययनमा प्रश्नावलीमा उत्तर दाता खेम्पो र शिक्षकहरुको विवरण

सि.नं	गुम्वा विद्यालयको नाम	खेम्पो तथा शिक्षकको नाम	पद	योग्यता	ठेगाना	अनुभव	तालिम लिएका नलिएको
१.	पाल एवं नम्ग्याल गुम्वा	१. छाङ रिन्जिन गुरुङ २. छिरिङ युडोन ३. याङजेन गुरुङ	खेम्पो शिक्षक शिक्षक	लामा दश जोड	फुवा ढि	१० १ १	 लिएको लिएको
२.	लो गर्फु मञ्जश्री गुम्वा विद्यालय	१.धावा गुरुङ २. कुङ्गा तेन्जिन ३. तेन्जिन लाक्पा गुरुङ	प्र.अ. शि शि	दश जोड " "	चुङजुङ	१ वर्ष	लिएको
३	नालान्दा बुष्टि स्कूल	१. डा.मंगलध्वज तुलाचन २.दिपिका कार्की	अध्यक्ष शि.	पिएचडि दश जो	टुकुचे	४	
४	लो निफुग नाम्डोल नोवुलिङ	१.जम्याङ पाल्जोर	प्र.अ.	शास्त्री	छोसेर	३	

	गुम्वा विद्यालय	शास्त्री २. लाक्पा टसी गुरुङ ३. याङदेन गुरुङ	शि. शि.	दश जो दश जो			
५	चराङ छ्योदे शेडुव धार्केलिङ गुमवा विद्यालय	१. टसी छिरिङ लामा २.सुदिप बरुवाल ३.छिरिङ ल्हामो गुरुङ	प्र.अ. शि. शि.	लामा वि.एड. दश जो	चराङ म्यारदी	१ ९ १ म	
६	चराङ लेक्स्येछ्योलिङ चुम्हेलोप्टा विद्यालय	१. मकर विष्ट २. फुर्व टासी लामा	प्र.अ. शि.	एस.एल.सी. दश जो	चराङ	१६ वर्ष १ म	
७	महाकरुणा शाक्यपा गुम्वा विद्यालय	१. झम्याङ ह्यायो गुरुङ २. ङवाङ फुनजोक ३. छिरिङ फुन्जोक गुरुङ	मेनेजर शि शि	दश जो.	लोमन्थाङ	 ३ म ३ म	
८	काग छ्योडे गुम्वा विद्यालय	१. खे. तेन्जिन साङवो २. कुलेन्द्र घिमिरे	प्र.अ. शि.	पिएचडि	कागवेनी लम्जुङ	७ ३ म	

गुम्वा अध्ययनमा प्रश्नावली भर्नेहरु गुम्वाका प्रमुख लामा र त्यसमा अध्यापनरत शिक्षकहरुकोसंख्या २१ रहेको पाइयो । १ वर्ष देखि १६ वर्ष सम्म गुम्वा विद्यलायको अनुभव भएकाहरुले प्रश्नको उत्तर दिएता पनि धेरै जसो ले सम्बन्धित विवरणहरु यथार्थ भरेको पाइयो । केहीले आन्तरिक कुराहरु लुकाएको पनि पाइयो । गुम्वामा संलग्न प्र.अ खेम्पोहरुमा २ जना र पिएचडि गरेका २ जना शास्त्री गरेका १ जना, लामा अध्ययन गरेका २ जना र ३ जना कक्षा बाह्र उर्त्तीण गरेका पाइयो । शिक्षकहरु कक्षा बाह्रदेखि वि.एड. सम्म अध्ययन गरेको देखिन्छ । शिक्षकहरुले शिक्षण सम्बन्धी कुनै तालिम नलिएको पाइयो ।

गुम्वा विद्यालयलाई सहि ढंगले संचालन गर्न योग्यता पुगेका शिक्षकहरु भर्ना गरी तिनीहरुको लागि विषय अनुसार तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

भाग ४

प्राप्ती, निष्कर्ष र सुझावहरु

४.१ प्राप्तीहरु

१. शिक्षा ऐन नियमावली अनुसार अनुमति प्राप्त गुम्वा विद्यालयले प्रत्येक शैक्षिक सत्रको परीक्षाको नतिजा, शैक्षिक विवरण (शिक्षक विद्यार्थी विवरण), आर्थिक विवरण प्रत्येक चौमासिक र वार्षिक रुपमा सम्बन्धित गा.वि.स.,श्रोतकेन्द्र र जिशिकामाबुझाउनुपर्ने हुन्छ तर गुम्वा विद्यालयले शैक्षिक तथ्यांक पनि विद्यार्थी विवरण मात्र बुझाउने गरेको पाइयो ।

२. विद्यालय संचालन गर्ने नीति उचित भएमा अझ राम्रो हुने सुझाव

३. शिक्षकहरुको नियुक्ति गर्ने व्यवस्था शिक्षा नियमावली अनुसार गर्न नसकिएको

४. विद्यार्थी भर्ना शैक्षिक सत्र अनुसार गर्ने नगरिएको

५. विद्यार्थीहरुलाई निशुल्क छात्रावासको व्यवस्था भएको

६. विद्यार्थीहरुबाट कुनै शुल्क नलिएको

६. प्राय जसो गुम्वाहरुमा भौतिक अवस्था राम्रो रहेको

७. विद्यार्थी भर्नाका लागि कुनै सेवा क्षेत्र नतोकी भर्ना गर्ने गरेको

८. सरकारी नीति अनुरुप विद्यालय संचालन गर्न प्रयास गरेको

९. शिक्षा ऐन नियमानुसार गुठी संचालक समितिको बारेमा जानकारी खासै नभएको

१०. शिक्षकहरु सबै योग्यता पुगेको नभएको

११. संचालक समितिको बैठक नियमित वस्ने नगरेको

१२. संचालक समितिको पुर्नगठन गर्ने कार्य नभएको

१३. जिल्ला शिक्षा कार्यालयमा बुझाउनुपर्ने वार्षिक प्रगति विवरण बुझाउने सम्बन्धमा अनविज्ञता देखाएको

१४. श्रोत व्यवस्थापनको बारेमा पारदर्शिता देखाउन खोजिएको छैन

१५. शैक्षिक सिकाइ उपलब्धी स्तर राम्रो रहेको आदि ।

४.२ निष्कर्ष

गुम्वा विद्यालयको शैक्षिक स्तर र व्यवस्थापनमा गरेको अध्ययनले समग्र गुम्वाहरुको ऐतिहासिक अवस्थाको साथै अध्ययन गर्न खोजिएका गुम्वा विद्यालयहरुको पृष्ठभूमि थाहा पाउनु नै यसको मूल उद्देश्य रहेकोले हाम्रो शिक्षाको संरचना अनुरुप संचालन भए नभएको अवस्थालाई हेर्दा भविष्यमा अझ थप अध्ययन अनुसन्धान गर्ने विषयवस्तुहरु प्रशस्त देखिएका छन् । यसले सरोकारवालाहरुलाई समेत ध्यानार्कषण गर्न सफल भएको छ । भावि दिनहरुमा अहिले भईरहेको व्यवस्था भन्दा केही सुधार भएर आउने यस अध्ययनले देखाउँछ । शिक्षा ऐन नियमानुसार संचालन गर्न कठिनाइ भइरहेको सन्दर्भमा गुम्वा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ ।

४.३ सुझावहरु

४.३.१ सम्बन्धित संस्थाले कार्यान्वय गर्नपर्ने सुझावहरु

- जुनसुकै शैक्षिक संरचनाक विद्यालयहरु अनुमति प्राप्त गरि संचालन गर्नुपर्नेमा त्यसो नभएको पाइएकोले अनुमति प्राप्त भन्दा बढी कक्षा संचालन गरेको हुँदा नियमानुसार संचालन गर्न सम्बन्धित निकायले ध्यान दिई अनुगमन निरीक्षण गर्न लगाई नियमानुसार संचालन गर्न मिल्ने भए संचालनको लागि प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ ।
- गुम्वा विद्यालयहरुले पनि नेपाल सरकारको नीति अनुरुप अनिवार्य विषयहरु पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पा.पु.हरु नै लागू गर्नुपर्ने र ऐच्छिक तथा मातृभाषाका पा.पु.हरु पनि पा.वि.के.कै स्वीकृत अनुसार मातृलिपीमा बनाई लागू गर्नुपर्ने आवश्यक देखिन्छ ।
- गुठीको विधानलाई राम्रोसँग अध्ययन गरी प्रचलित ऐन नियमावली अनुसार संचालक समिति गठन गरी समितिको काम कर्तव्य र अधिकारीलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- गुम्वा विद्यालयलाई उचित ढंगले संचालन गर्नको लागि र संस्थागत दिगो विकास गर्न सकभर सम्बन्धित गा.वि.स. वा जिल्लाभित्र सेवा क्षेत्र बनाई गुणस्तरीय शिक्षा दिन उपयुक्त देखिन्छ ।
- वार्षिकरुपमा चौमासिकरुपमा बुझाउनुपर्ने विवरणहरु समयमै बुझाइ संस्थालाई सवलीकरण गर्नु उपयुक्त देखिन्छ ।
- गुम्वा विद्यालय संचालकहरुले राज्यले निर्माण गरेका नीति नियमानुसार विद्यालय संचालन गरेमा र थप नीतिगत व्यवस्थापनका लागि सुझाव प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

- गुम्वा विद्यालयको व्यवस्थापकीय पक्षलाई सुधार गर्न सबै पक्ष उत्तिकै गहन छन् र सबैलाई बराबरी रुपमा ठाँउ परिवेश अनुसार सुधार गर्दै लग्न सके उपयुक्त हुन्छ । दिगोरुपमा श्रोत पहिचान नगरी संस्था संचालन गर्दा भविष्यमा पर्न सक्ने समस्याहरुको बारेमा जानकारी राखी योजनाबद्ध ढंगले गुम्वा विद्यालयको श्रोत पहिचान गर्नुपर्ने जरुरी देखिन्छ ।
- जिल्लामा प्राथमिक तहको भन्दा सिकाइ उपलब्धी स्तर कम भएकोले सुधार गर्नुपर्ने देखिन्छ ।

४.३.२ नीतिगत तहमा गर्नुपर्ने सुझावहरु

- बालबालिकहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई कुण्ठिन नहुने किसिमले उसले शिक्षा पाउनुपर्ने कुरामा द्विविध छैन यदपि भविष्यमा जुनसुकै धारमा जानसक्ने तरिकाले शिक्षा प्रदान गर्न उपयुक्त हुन्छ ।
- भविष्यमा लामा पढ्न नसक्ने विद्यार्थीहरुलाई साधरण तर्फ आउन सक्ने गरी व्यवस्थापन गर्नु उपयुक्त देखिन्छ ।
- गुम्वाहरुलाई स्थायी अनुमति पत्र लिएको योग्य शिक्षकहरुलाई मात्र शिक्षक पदमा नियुक्ति गर्नुपर्ने देखिन्छ ।
- चाहे गुम्वा विद्यालय होस् चाहे संस्थागत विद्यालय होस् सबै शिक्षक तालिम प्राप्त हुनु आवश्यक देखिन्छ ।
- गुम्वा विद्यालयहरुमा पनि सरकारी सेवा सुविधा नपाएको बुझिन्छ र त्यसलाई सेवा सुविधा नदिएमा सरकारी नियमानुसार जुनसुकै विद्यालयलाई पनि नियमानुसार कारवाही गर्नुपर्ने अवस्था देखिन्छ ।
- गुम्वा विद्यालयलाई सहि ढंगले संचालन गर्न योग्यता पुगेका शिक्षकहरु भर्ना गरी तिनीहरुको लागि विषय अनुसार तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सन्दर्भ सामग्रीः:

१. शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित)

२. उपल्लो मुस्ताङ शैक्षिक दर्पण २०७२, जिल्ला शिक्षा कार्यालय, मुस्ताङ

३. विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६-२०७२, शिक्षा विभाग सानोठिमी भक्तपुर

अनूसूचिहरु

अनुसूचि-१

गुम्वा विद्यालयहरुको शैक्षिक स्तर तथा व्यवस्थापकीय पक्षको अध्ययन

प्र.अ. एवं गुम्वा विद्यालयका खेम्पोसँग सम्बन्धीत प्रश्नावलीहरु

विद्यालयको नाम: ठेगाना:
स्थापना मिति:

विद्यालय व्यवस्थापन समितिको गठन मिति:

विद्यालय व्यवस्थापन समिति अध्यक्षको नाम:

अनुमति प्राप्त कक्षा: हाल संचालित कक्षा:

१. तपाईको गुम्वामा लामाहरु/आनीहरु भर्ना हुन कहाँ कहाँ बाट आएका छन् ? अथवा तपाईको गुम्वाको सेवाक्षेत्र कुन कुन हो ? भर्नाका लागि आधारहरु के के हुन् ?

२. कुन समयमा पढाउनुहुन्छ ? (बिहान, बेलुका, दिनमा) विद्यार्थीहरुलाई कुन कुन क्रियाकलापहरु गराउने गर्नु भएको छ ? पढाउने बाहेक

३. तपाईको गुम्वामा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरेको पाठ्यक्रम/पाठ्यपुस्तक लागू गर्नु भएको छ ?

४. कुन कुन विषय अध्यापन गराइराख्नु भएको छ ?

५. जिल्ला शिक्षा कार्यालयलाई शिक्षा नियमावली अनुसार मासिक, चौमासिक र वार्षिक प्रतिवेदन बुझाउनु भएको छ ? यदि बुझाउनु भएको भए के के बुझाउन भएको छ ? र बुझाउन के कुरा कठिन भएको छ ?

६. गुम्वा व्यवस्थापन समिति हुन्छ ? हुदैन हुन्छ भने कसरी गठन हुन्छ ? क ती सदस्यी हुन्छ ? कहिले कहिले परिवर्तन हुन्छ ?

७. तपाईको गुम्वा विद्यालय व्यवस्थापन समितिको बैठक कति कति समयमा वस्ने गरेको छ ?

८. वि.व्य.स. बैठकमा कुन कुन विषयमा छलफल हुने गरेको छ ?

९. तपाईका विद्यालयमा विद्यार्थीहरुको उपस्थित अवस्था कस्तो छ ?

कक्षा	छात्रा	छात्र	जम्मा	जम्मा मध्ये कुन समुदायबाट आउने गरेका छन्	गा.वि.स. भित्रबाट आउने संख्या	जिल्लाभित्रबाट आउने संख्या	जिल्लाबाहिरबाट आउने संख्या
१							
२							
३							

४							
५							
१ ५ जम्मा							
६							
७							
८							

१०. अनुमति प्राप्त कक्षा भन्दा बढी कक्षामा विद्यार्थी भर्ना गर्नु भएको छ ?

११. गुम्वा विद्यालय अध्ययन पछि उहाँहरुको थप अध्ययन कहाँ कहाँ गर्ने लक्ष्य राख्नु भएको छ ?

१२. तपाईको गुम्वा विद्यालयको भवन कसको सहयोगमा निर्माण गरिएको हो ?

दाताहरुको नाम बताउन सक्नुहुन्छ ?

१३. नेपाल सरकारले गुम्वा विद्यालयलाई के सहयोग गरिदिएमा गुम्वा विद्यालयको विकास गर्न सहज हुने थियो ?

१४. कुन उद्देश्यले गुम्वा विद्यालय खोल्ने प्रेरणा मिलेको हो ?

१५. गुम्वा विद्यालय अध्ययन पछि विद्यार्थीहरु के गर्न चाहन्छन् ?

१६. तपाईको गुम्वा विद्यालयमा शिक्षा नियमावली अनुसार शिक्षक नियुक्ति गर्नु भएको छ ? छैन भने किन ?

१७. शिक्षकहरुलाई नेपाल सरकारको नियमानुसार तलब भत्ता दिनु भएको छ ? यदि छभने कति ? र छैन भने किन ?

१८. गुम्वा विद्यालयका प्रकारहरु के के हुन ? र कुन कुन विषयमा फरक छ ?

१९. तपाईले साधरण विद्यालय र गुम्वा विद्यालयमा के के फरक पाउनु भएको छ ?

२०. तपाईको विद्यार्थीहरु राष्ट्रिय गान (विहानको प्रार्थना) गर्ने गरेका छन् ? वा गराउनु भएको छ ?

२१. तपाईलाई निरन्तर विद्यार्थी मूल्यांकनको बारेमा जानकारी छ ? कक्षामा पास फेल कसरी गराउनु हुन्छ ?

२२. तपाईका विद्यार्थीको विषयगत सिकाइ उपलब्धी स्तर कस्तो छ ?

२३. गुम्वाको ऐतिहासिक पृष्ठभूमि बताउनुहोस् ।

२४. सरकारले गुम्वा विकासका लागि कुन कुन नीति राख्नु उपयुक्त ठान्नुहुन्छ ?

२५. विद्यार्थीबाट कुनै शुल्क लिनु भएको छ कि छैन छ भने कति र छैन भने कुन श्रोतबाट चलाउनु भएको छ ?

२६. नेपाल सरकारबाट कहिलेबाट कति सहयोग पाउन थाल्नु भएको हो ?

२७. तपाईको गुम्वा विद्यालयमा आर्थिक श्रोत कहाँबाट उपलब्ध भएको छ ?

गुम्वा विद्यालयको छापः प्र.अ.एवं व्यवस्थापकको दस्तखतः मितिः

विवरण संकलकको नामः दस्तखतः मितिः

अनुसूचि-२

गुम्वा विद्यालयहरुको शैक्षिक स्तर तथा व्यवस्थापकीय पक्षको अध्ययन

गुम्वा विद्यालय शिक्षकसँग सम्बन्धित प्रश्नावलीहरु

गुम्वा विद्यालयको नाम: शिक्षकको नाम:

१. तपाई कहिलेदेखि यस गुम्वा विद्यालयमा नियुक्ति हुनु भएको हो ? .....

२. तपाई किन गुम्वा विद्यालयमा आर्कषित हुनु भयो ? .....

३. तपाईले कुन विषय अध्यापन गराउदै आउनु भएको छ ?

४. तपाईलाई गुम्वा पाठ्यक्रमको बारेमा थाहा छ ?

५. तपाईले पढाउने विषयमा विद्यार्थीहरु नियमित हुन्छन् ?

६. तपाईलाई विद्यालयले सरकारी नियमानुसार सुविधा दिएको छ ?

७. तपाईको विचारमा गुम्वा विकासका लागि के के गर्दा उपयुक्त ठान्नु हुन्छ ?

८. यस गुम्वाको व्यवस्थापकीय पक्ष कस्तो लागेको छ ?

९. गुम्वा विद्यालय सुधार गर्न तपाई के सुझाव दिन चाहनुहुन्छ ?

१०. तपाईले कुनै तालिम लिने अवसर प्राप्त गर्नुभएको छ ?

११. गुम्वा विद्यालयलाई आर्थिक सहयोग कुन कुन निकायबाट प्राप्त भएको छ तपाईलाई थाहा छ ?

शिक्षकको दस्तखत:-

मिति:

विवरण संकलकको नाम: दस्तखत:

मिति:

अनुसूचि-३

गुम्वा विद्यालयहरुको शैक्षिक स्तर तथा व्यवस्थापकीय पक्षको अध्ययन

विद्यार्थीसँग सम्बन्धित प्रश्नावलीहरु

विद्यालयको नाम:

विद्यार्थीको नाम: कक्षा:

१. तपाई यस गुम्वा विद्यालयमा कहिलेदेखि भर्ना हुनु भएको हो ?

२. तपाई किन गुम्वा विद्यालयमा भर्ना हुनु भएको हो ?

३. तपाई कुन जिल्लाबाट आउनुभएको हो? ठेगाना बताउनुहोस् ।

४. तपाईले कुन कुन विषय पढ्नु भएको छ ?

५. तपाईलाई तिव्वतियन भाषाको बारेमा थाहा छ ?

६. तपाईको विद्यालयमा अन्तिम परीक्षा कहिले हुन्छ ?

७. तपाईलाई गुम्वा विद्यालय आउनु कसले प्रेरणा दियो ?

८. गुम्वा विद्यालय अध्ययन पछिको तपाईको भविष्यमा के गर्ने विचार छ ?

विद्यार्थीको दस्तखत:-

मिति:

विवरण संकलकको नाम: दस्तखत:

मिति: